मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक ३०२ | २०८३ साल असोज २२ गते बिहीबार | Thursday 08, October 2026 | सूर्योदयः बिहान ०५:५० बजे | सूर्यास्तः साँझ ०५:३७ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## आधुनिक स्वास्थ्य उपकरण संचालनमा आउन सकेन

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पकाहाँमैनपुर गाउँपालिकामा ६३ लाख रुपैयाँभन्दा बढी मूल्यका आधुनिक स्वास्थ्य उपकरण सञ्चालनमा आउन नसक्दा थन्किएका छन्।

स्वास्थ्य विभागमार्फत प्राप्त दुई वटा अल्ट्रासाउन्ड भिडियो एक्स–रे र एउटा एक्स–रे मेसिन सञ्चालनका लागि आवश्यक बजेट तथा प्राविधिक जनशक्तिको व्यवस्था हुन नसक्दा उपकरण प्रयोगविहीन बनेका छन् । गाउँपालिकाले आर्थिक वर्ष २०८०÷८१ र २०८१÷८२ मा प्राप्त गरेका दुई वटा अल्ट्रासाउन्ड मेसिन प्रतिगोटा २४ लाख रुपैयाँका दरले खरिद भएका हुन्।

यसैबीच केही समयअघि मात्र सरुवा भएर पकाहाँ मैनपुर गाउँपालिकामा हाजिर भएका प्रमुख प्रशासकीय अधिकृत सुमित कुमार सिंहले आगामी दिनमा बजेट व्यवस्थापन गर्ने तथा थन्किएका एक्स–रे र अल्ट्रासाउन्ड मेसिनलाई सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका छन्।

# ठेक्काको म्याद सकिन तीन महिना बाँकी,
## मधेश कृषि विश्वविद्यालयको भवन निर्माण ४५ प्रतिशत मात्रै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको गौरव आयोजनाका रूपमा अघि बढाइएको मधेश कृषि विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माणले अपेक्षित गति लिन सकेको छैन। ठेक्काको म्याद सकिन तीन महिना मात्रै बाँकी रहँदा निर्माणको भौतिक प्रगति ४५ प्रतिशतमा सीमित छ । राजविराज नगरपालिका–१३ विषहरियामा विश्वविद्यालयका लागि उपलब्ध गराइएको २६ बिघा ८ कठ्ठा १८ धुर जग्गामा ‘कृषि नगर’ निर्माणको काम भइरहेको छ । विभिन्न भौतिक संरचना निर्माणका लागि ओम साईराम कन्स्ट्रक्सनले १ अर्ब ७० लाख रुपैयाँमा ठेक्का पाएको हो। ठेक्काअन्तर्गत मुख्य प्रशासनिक भवन, कक्षाकोठा भवन, प्रयोगशाला र छात्रावासलगायतका संरचना निर्माण भइरहेका छन् । मुख्य प्रशासनिक भवनमा कुलपति, सहकुलपति, उपकुलपति र रजिस्ट्रारका कार्यकक्षसमेत रहनेछन् । २०७० को दशकको सुरुवातमै प्रदेश सरकारको प्राथमिकतामा परेको विश्वविद्यालयको पूर्वाधार निर्माण भने प्रदेशको राजनीतिक अस्थिरताको असरमा परेको छ। सरकार र मन्त्रीहरू पटक–पटक परिवर्तन हुनु तथा विश्वविद्यालयका लागि आवश्यक बजेटमा पर्याप्त प्राथमिकता नपाउँदा निर्माण कार्यले अपेक्षित गति लिन नसकेको विश्वविद्यालयका अधिकारीहरू बताउँछन्।

२०७० माघ ७ गते सम्झौता भएको ठेक्काको म्याद २०८३ माघ ७ गते सकिँदैछ । तर, निर्धारित समयसीमा नजिकिँदै गर्दा भौतिकसँगै आर्थिक प्रगति पनि अपेक्षाअनुसार हुन सकेको छैन। निर्माणको अवस्था बुझ्न प्रदेश सरकारका मन्त्री तथा सांसदहरूले पटक–पटक स्थलगत निरीक्षण गर्दै आएका छन्। पछिल्लोपटक अर्थमन्त्री युवराज भट्टराई, शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह, प्रदेश सांसद माला कर्ण र पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहसहितको टोलीले विषहरियास्थित निर्माणस्थल पुगेर कामको निरीक्षण गरेको थियो। निरीक्षण भए पनि बाँकी अवधिमा निर्माण पूरा गर्ने विषयमा ठोस कार्ययोजना भने अझै स्पष्ट हुन सकेको छैन।

विश्वविद्यालयका सम्पूर्ण गतिविधि हाल भाडाको घरबाट सञ्चालन भइरहेको रजिस्ट्रार डा. श्रीभगवान् ठाकुरले बताए । निर्माणको म्याद नजिकिँदै गए पनि हालको गतिअनुसार निर्धारित समयमै भवन निर्माण सम्पन्न हुने अवस्था नरहेको उनको भनाइ छ । ‘विश्वविद्यालयका सम्पूर्ण गतिविधि अहिले भाडाको घरबाट सञ्चालन भइरहेका छन्,’ ठाकुरले भने, ‘ठेक्का सम्झौताअनुसारको बजेट प्रदेश सरकारबाट प्राप्त भए निर्माण कार्य सम्पन्न गराउन विश्वविद्यालय परिवार प्रतिबद्ध छ।’

विश्वविद्यालयका सहकुलपतिसमेत रहेका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले भने निर्माणाधीन पाँचवटै भवनलाई एक वर्षभित्र सम्पन्न गर्ने दाबी गरेका छन्। ठेक्काको म्याद थप गरेर भए पनि विश्वविद्यालयलाई भाडाको घरबाट विषहरियास्थित कृषि नगरमा सार्ने तयारी भइरहेको उनले बताए । मन्त्री सिंहका अनुसार निर्माण कम्पनीलाई काममा गति दिन निर्देशन दिइएको छ । बाँकी तीन महिनामै निर्माणको प्रगति देखिने गरी काम अघि बढाउने उनको दाबी छ।

मधेश कृषि विश्वविद्यालय तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको प्रदेश सरकारले स्थापना गरेको हो । विश्वविद्यालयका लागि राजविराज नगरपालिकाले विषहरियामा जग्गा उपलब्ध गराएको थियो । अहिले निर्माणाधीन पूर्वाधार पूरा भएपछि विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक गतिविधि आफ्नै परिसरबाट सञ्चालन गर्ने लक्ष्य प्रदेश सरकारको छ।

## ट्रान्सफर्मरको तामाको क्वाइलसहित
# महोत्तरीमा पाँच जना पक्राउ



मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम
आर्थिक बर्ष २०८२/०८३ मा चोरी भएको
ट्रान्सफर्मरहरुको जिल्लागत विविरण
आ.व. २०८२/०८३ को ट्रान्सफर्मर चोरीको विवरण

| जिल्ला | चोरी भएको विवरण: ट्रान्सफर्मर संख्या | मुद्दा दर्ता संख्या | मानिस पक्राउ |
|---|---|---|---|
| सप्तरी | | | |
| सिरहा | | | |
| धनुषा | १० | २ | ४ |
| महोत्तरी | २८ | | |
| सर्लाही | १७ | १७ | |
| रौतहट | ३ | १ | २ |
| बारा | | | |
| पर्सा | | | |
| जम्मा | ५८ वटा | २० वटा | ६ जना |

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको बर्दिबासबाट ट्रान्सफर्मरमा प्रयोग हुने तामाको क्वाइलसहित पाँच जना पक्राउ परेका छन् । प्रहरीले उनीहरूलाई ट्रान्सफर्मर चोरीको घटनामा संलग्न रहेको आशंकामा नियन्त्रणमा लिएको हो।

इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरुप्रसाद तिमिल्सिनाका अनुसार असोज १९ गते राति करिब ७ बजे बर्दिबास नगरपालिका–१ स्थित हमाल टोलबाट ३३ केजी ट्रान्सफर्मरमा प्रयोग हुने तामाको क्वाइलसहित पाँच जनालाई नियन्त्रणमा लिइएको हो।

पक्राउ पर्नेमा सर्लाहीको गोडैता नगरपालिका–६, बगदहका ३१ वर्षीय इन्द्रजित महतो, महोत्तरीको बर्दिबास नगरपालिका–८, हात्तीलेटका २९ वर्षीय दिनेशकुमार महतो, २७ वर्षीय भरत यादव, ३१ वर्षीय भुवन भुजेल र २८ वर्षीय जयराम ठाकुर छन् । प्रहरीका अनुसार कवाड व्यवसायी इन्द्रजित महतोले पक्राउ परेका अन्य चार जनासँग उक्त तामाको क्वाइल खरिद गरेको स्वीकार गरेका छन्।

पक्राउ परेका पाँचै जनालाई इलाका प्रहरी कार्यालय बर्दिबासमा राखिएको छ । उनीहरूमाथि अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट पक्राउ परेकै मितिदेखि लागू हुने गरी पाँच दिनको म्याद थप अनुमति लिइएको प्रहरीले जनाएको छ।

प्रहरीले पछिल्लो समय महोत्तरी, धनुषा र सर्लाहीलगायतका जिल्लामा भइरहेका ट्रान्सफर्मर चोरीका घटनाबीचको सम्बन्ध र चोरीमा संलग्न गिरोहको सञ्जालबारे अनुसन्धान अघि बढाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी श्यामकृष्ण सारु मगरले पक्राउ परेकाहरूमाथि अदालतबाट म्याद लिएर गहिरो अनुसन्धान भइरहेको बताए । उनका अनुसार अनुसन्धानबाट ट्रान्सफर्मर चोरीमा संलग्न अन्य व्यक्तिको समेत पहिचान हुन सक्नेछ । महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले ट्रान्सफर्मर चोरीका घटनाबारे सबै तहबाट अनुसन्धान भइरहेको बताए । उनले चोरीमा संलग्न गिरोहसम्म पुग्न प्रहरीले सबै प्रकारका अनुसन्धान अघि बढाइरहेको जानकारी दिए।

प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार मधेश प्रदेशमा आर्थिक वर्ष २०८२/८३ मा ५८ वटा विद्युत् ट्रान्सफर्मर चोरी भएका छन् । तीमध्ये महोत्तरीमा २८, सर्लाहीमा १७, धनुषामा १० र रौतहटमा तीन वटा ट्रान्सफर्मर चोरी भएका छन् । ट्रान्सफर्मर चोरीका घटनामा २० वटा मुद्दा दर्ता हुँदा ६ जना पक्राउ परेको प्रदेश प्रहरीको तथ्याङ्क छ । जिल्लागत रूपमा सबैभन्दा धेरै ट्रान्सफर्मर चोरी महोत्तरीमा भएको देखिन्छ।

## मुअब्जा विवाद समाधान गर्न सिफारिस गर्ने निर्णय

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार कार्यालयअन्तर्गतको सुक्खा बन्दरगाह (ड्राइपोर्ट) का लागि अधिग्रहण गरिएको ६२ बिघा जग्गामा देखिएको मुआब्जा विवाद समाधान गर्न सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरिएको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहलको अध्यक्षतामा बुधबार जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको पीडित पक्षलगायत सरोकारवालाको बैठकले घर तथा संरचनाको मुआब्जामा लाग्ने ह्रासकट्टी र पुर्जा नभएका जग्गाको मुआब्जासम्बन्धी समस्या समाधानका लागि माथिल्लो निकायमा पत्राचार गर्ने निर्णय गरेको हो। बैठकले ह्रासकट्टी कट्टा गरेर मुआब्जा दिने वा नदिने विषयमा आवश्यक निर्णयका लागि वीरगंज भन्सार कार्यालयमार्फत अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरेको छ। त्यस्तै, अधिग्रहणमा परेको जग्गामध्ये करिब ३ बिघा बेनिस्सा तथा स्ववासी जग्गा रहेकोमा त्यस्ता जग्गाको दर्ता तथा लालपुर्जा वितरण हुन नसक्दा घर तथा संरचनाको मुआब्जा वितरणमा समस्या देखिएको भन्दै भूमि व्यवस्था तथा अभिलेख विभागमा पुनः ताकेता गर्ने निर्णय भएको छ । भने पीडित पक्षको जारि अन्सन सहमति गरि स्थगीत गर्ने निणर्य भएको जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले बताएका छन्।

## सरुवा भएको १४ दिनसम्म पनि पर्सा प्रशासनमैः
# मन्त्रालयको सरुवा आदेशलाई लत्याउँदै नासु गुप्ता

**मधेशदृष्टि**
**वीरगंज।**
गृह मन्त्रालयले सरुवा गरेको दुई साता बितिसक्दा पनि जिल्ला प्रशासन कार्यालय पर्साका नायब सुब्बा गौरीशंकर प्रसाद गुप्तालाई नयाँ कार्यस्थलमा पठाइएको छैन । मन्त्रालयको कर्मचारी प्रशासन शाखाले असोज ८ गते उनलाई ओखलढुंगास्थित खिजिफलाटे इलाका प्रशासन कार्यालयमा सरुवा गरेको थियो। तर सरुवा आदेश भएको १४ दिन बितिसक्दा पनि गुप्ता जिल्ला प्रशासन कार्यालय पर्सामै कार्यरत छन्।

गुप्ता जिल्ला प्रशासन कार्यालय पर्साको ‘मुद्दा शाखा प्रमुख’को जिम्मेवारीमा छन् । गृह मन्त्रालयबाट औपचारिक रूपमा सरुवा भइसकेका कर्मचारीलाई तत्काल नयाँ कार्यालयमा पठाउनुको सट्टा पुरानै जिम्मेवारीमा निरन्तर राखिएपछि पर्सा प्रशासनमा मन्त्रालयको निर्णय कार्यान्वयनप्रति नै प्रश्न उठेको छ।

सरुवा आदेश कार्यान्वयनमा भइरहेको ढिलाइले प्रशासनिक आवश्यकताभन्दा कार्यालयभित्रको सम्बन्ध र प्रभावले प्राथमिकता पाएको त होइन भन्ने प्रश्नसमेत उठाएको छ । विशेषगरी मुद्दा शाखाजस्तो संवेदनशील र महत्वपूर्ण जिम्मेवारी सम्हालिरहेका कर्मचारीलाई सरुवा आदेशपछि पनि पुरानै




कार्यालयमा राखिरहनुले यस विषयलाई थप शंकास्पद बनाएको छ।

सरकारले सुशासन, प्रशासनिक सुधार र सार्वजनिक निकायमा जवाफदेहितालाई प्राथमिकतामा राख्दै आएको दाबी गरिरहेको छ । तर गृह मन्त्रालयबाटै भएको सरुवा निर्णय जिल्ला तहमा आएर कार्यान्वयनमा ढिलाइ हुनु भने प्रशासनिक अनुशासनमाथि प्रश्न उठाउने अवस्था हो। सरुवा भइसकेका कर्मचारीलाई नयाँ कार्यालयमा पठाउने प्रक्रिया सम्बन्धित कार्यालयले अघि बढाउनुपर्ने हुन्छ । त्यसैले मन्त्रालयको निर्णय कार्यान्वयनमा अनावश्यक विलम्ब किन भइरहेको छ भन्ने विषयमा पर्सा प्रशासनले स्पष्ट पार्नुपर्ने देखिन्छ।

गुप्तालाई किन अहिलेसम्म रवाना नदिइएको भन्ने प्रश्नमा पर्साका सहायक प्रमुख जिल्ला

*बाँकी पृष्ठ ३ मा*

## १ लाख रुपैयाँ घुससहित इन्जिनियर पक्राउ




**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको मलंगवा नगरपालिकाका एक इन्जिनियरलाई १ लाख रुपैयाँ घुससहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ । आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले मलंगवा नगरपालिकाको प्राविधिक शाखामा कार्यरत इन्जिनियर डिकेश यादवलाई मंगलबार साँझ सेवाग्राहीबाट घुसको रकम लिँदै गरेको अवस्थामा नियन्त्रणमा लिएको हो।

अख्तियार स्रोतका अनुसार नक्सा पास गरिदिने भन्दै सेवाग्राहीसँग रकम मागेको सूचना पाएपछि टोली मलंगवा नगरपालिका पुगेको थियो। सोही क्रममा यादवलाई सेवाग्राहीबाट १ लाख रुपैयाँ लिँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको हो। यादवसँगै अर्का एक जनालाई पनि अख्तियारको टोलीले नियन्त्रणमा लिएको छ। ती व्यक्तिको परिचय र घटनामा उनको संलग्नताबारे भने आयोगले थप विवरण सार्वजनिक गरेको छैन।

नियन्त्रणमा लिइएका यादवसहितका व्यक्तिमाथि घटनाबारे आवश्यक अनुसन्धान अघि बढाइएको अख्तियारको बर्दिबास कार्यालयले जनाएको छ।

## बरहवा तालमा हाम फालेर बेपत्ता पुरुष मृत फेला

**मधेशदृष्टि**
**रौतहट।**
गौर नगरपालिका–५ स्थित बरहवा तालमा हाम फालेर बेपत्ता भएका एक पुरुषको शव फेला परेको छ। तालमा हाम फालेपछि बेपत्ता भएका स्थानीय अजयकुमार केशरीको शव खोजी गर्ने क्रममा फेला परेको हो। करिब ४०÷४५ वर्षीय केशरीले बिहीबार बिहान बरहवा तालमा हाम फालेपछि बेपत्ता भएका थिए। जिल्ला प्रहरी कार्यालय गौरबाट करिब एक किलोमिटर पूर्वमा रहेको तालमा सुरक्षाकर्मीले खोजी गर्ने क्रममा उनको शव फेला पारेका हुन्।

रौतहटका प्रहरी नायब उपरीक्षक वसन्त गौतमले खोजी अभियानका क्रममा केशरीको शव फेला परेको जानकारी दिए। उनका अनुसार घटनाको सूचना प्राप्त भएपछि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको संयुक्त टोली



परिचालन गरिएको थियो। खोजी कार्यका लागि जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी नायब उपरीक्षक गौतमको नेतृत्वमा ३० जना प्रहरी परिचालन गरिएको थियो। त्यस्तै, श्री नारायण दल गण पुरेनवाबाट सेनानी कञ्चन थापाको नेतृत्वमा १५ जना नेपाली सेना तथा सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म गौरबाट प्रहरी नायब उपरीक्षक दुर्गाप्रसाद भट्टको नेतृत्वमा १६ जना सुरक्षाकर्मी परिचालन भएका थिए। कुल ६१ जना सुरक्षाकर्मीको संयुक्त प्रयासपछि केशरीको शव तालबाट फेला पारिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । गौर नगरपालिकाका पूर्वप्रमुख अजय गुप्ताका अनुसार केशरी मानसिक समस्याबाट पीडित थिए। दैनिक मादक पदार्थ सेवन गर्ने गरेका उनी दुई दिनअघि मात्र सुधार केन्द्रबाट घर फर्किएका थिए। तालमा हाम फाल्नुको कारण भने तत्काल खुल्न सकेको छैन। घटनाको प्रकृति र कारणबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको प्रहरी नायब उपरीक्षक गौतमले बताए। फेला परेको शवलाई आवश्यक कानुनी प्रक्रिया तथा पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर लगिएको प्रहरीले जनाएको छ।

## सम्पादकीय

# बाढीपीडितलाई टहरो होइन, सुरक्षित भविष्य चाहिन्छ

भोटेकोशी–त्रिशूलीको विनाशकारी बाढीले घर मात्रै बगाएन, हजारौँ नागरिकको सुरक्षित भविष्यसमेत अनिश्चित बनाइदियो। बाढी गएको लामो समय बितिसक्दा पनि प्रभावित परिवारको ठूलो हिस्सा अझै अस्थायी आश्रय, आफन्तको घर वा भाडाको कोठामा जीवन धान्न बाध्य छ। यस्तो अवस्थामा सरकारले अस्थायी आवास निर्माणको तयारी अघि बढाउनु सकारात्मक कदम हो। तर प्रश्न यति मात्र होइन 'बाढीपीडितलाई अस्थायी छानो कहिले दिने भन्नेभन्दा पनि उनीहरूलाई सुरक्षित र सम्मानजनक स्थायी जीवन कहिले दिने ?' भोटेकोशी–त्रिशूली बाढीबाट ३२ हजार ९ सय ३६ जना प्रभावित भए। ८ हजार ३ सय १७ घरपरिवार प्रभावित हुँदा ७ हजार ५ सय ७० निजी भवनमा क्षति पुगेको तथ्यांक आफैंमा भयावह छ। यो केवल भौतिक क्षतिको विवरण होइन, हजारौँ परिवारको घर, सम्पत्ति, रोजगारी र सामाजिक सुरक्षाको आधार भत्किएको प्रमाण हो।

यस्तो परिस्थितिमा पहिलो चरणमा ४ देखि ५ सय परिवारका लागि अस्थायी आवास आवश्यक पर्ने सरकारको अनुमान छ। आवश्यकता बढ्न सक्ने सम्भावना पनि स्वयं अधिकारीहरूले स्वीकार गरेका छन्।

अहिले १७ वटा होल्डिङ सेन्टरमा नुवाकोट, रसुवा र धादिङका प्रभावित नागरिक आश्रित छन्। कतिपय भाडामा र कतिपय आफन्तको आश्रयमा छन्। अर्थात् सरकारी तथ्यांकले देखाएकोभन्दा वास्तविक समस्या अझ फराकिलो हुन सक्छ। सरकारले सामान्यतया प्रतिपरिवार करिब ३ सय २० वर्गफिटका दुई कोठे अस्थायी घर बनाउने तयारी गरेको छ। प्रतिघर २ देखि ५ लाख रुपैयाँसम्म खर्च हुने अनुमान छ। गैरसरकारी संस्था, स्थानीय तह, सहरी विकास तथा भवन निर्माण विभाग र अन्य निकायको समन्वयमा यस्ता घर निर्माण गर्ने योजना पनि अघि सारिएको छ। सुरक्षित स्थान पहिचान, भौगर्भिक अध्ययन, भवनको न्यूनतम मापदण्ड र सडक, विद्युत्, खानेपानी तथा सरसफाइजस्ता पूर्वाधारको व्यवस्था गर्ने भनिएको छ। तर यहाँ राज्यले एउटा गम्भीर गल्ती दोहोर्‍याउनु हुँदैन 'विपद्पछि हतारमा घर बनाउने र केही समयपछि फेरि त्यही नागरिकलाई अर्को विपद्को जोखिममा छाड्ने।'

अस्थायी आवास नाममै अस्थायी भएपनि त्यसमा बस्ने नागरिकको जीवन अस्थायी हुँदैन। त्यहाँ बालबालिका पढ्छन्, वृद्धवृद्धा बस्छन्, परिवारले खाना पकाउँछ, बिरामी उपचार खोज्छन् र नागरिकले आफ्नो भविष्यको योजना बनाउँछन्। त्यसैले अस्थायी आवास भन्नासाथ गुणस्तर, सुरक्षा र आधारभूत सुविधामा सम्झौता गर्ने छुट सरकारलाई छैन।

अझ महत्वपूर्ण कुरा, बाढी प्रभावितलाई कहाँ बसाउने भन्ने निर्णय केवल खाली जमिन हेरेर गरिनु हुँदैन। भौगर्भिक जोखिम, नदीको बहाव, पहिरोको सम्भावना, सडक पहुँच, खानेपानी, स्वास्थ्य, विद्यालय र रोजगारीको अवसरसमेत मूल्यांकन गर्नुपर्छ। बाढीले एकपटक घर बगाएको ठाउँमै नागरिकलाई फेरि बसाएर अर्को विपद्को प्रतीक्षा गर्ने अवस्था सिर्जना भयो भने त्यो पुनस्र्थापना होइन, राज्यको लापरबाही हुनेछ। सरकारले होल्डिङ सेन्टरमा बस्न नचाहने परिवारलाई वैकल्पिक व्यवस्था नहुँदासम्म बढीमा ६ महिनाका लागि जीविकोपार्जनसहित मासिक १५ हजार रुपैयाँ दिने निर्णय गरेको छ। चार जनाभन्दा बढी सदस्य भए प्रतिव्यक्ति थप २ हजार रुपैयाँ दिने व्यवस्था पनि गरिएको छ। राहतका दृष्टिले यो आवश्यक कदम हो। तर राहतले जीवन चलाउन केही समय मद्दत गर्न सक्छ, भविष्य निर्माण गर्न सक्दैन।

सरकारले बाढी प्रभावित क्षेत्रमा नयाँ स्मार्ट सिटी विकास गर्ने योजना सार्वजनिक गरेको छ। योजना सुन्दा आकर्षक छ। तर स्मार्ट सिटीको सपना देखाउनुअघि बाढीपीडितको वर्तमान समस्या समाधान हुनुपर्छ। स्मार्ट सिटीका नाममा वर्षौंसम्म पुनर्निर्माण अल्झियो भने आज टहरो खोजिरहेका नागरिक भोलि पनि अस्थायी जीवनमै सीमित हुनेछन्। त्यसैले अब सरकारको प्राथमिकता स्पष्ट हुनुपर्छ 'पहिलो, सुरक्षित अस्थायी आवासः दोस्रो, आधारभूत सेवाः तेस्रो, जीविकोपार्जनः र चौथो, समयसीमासहितको स्थायी पुनस्र्थापना। गैरसरकारी संस्थाले घर बनाउने भए त्यसको डिजाइन, गुणस्तर, लागत र निर्माणस्थल पारदर्शी हुनुपर्छ। एउटै विपद्को नाममा विभिन्न संस्थाले फरक–फरक मापदण्डका कमजोर संरचना बनाउने छुट दिनु हुँदैन। सार्वजनिक रकम होस् वा सहयोगी संस्थाको स्रोत, त्यसको उपयोगमा नागरिकले प्रश्न गर्न पाउने र राज्यले जवाफ दिनुपर्ने व्यवस्था हुनुपर्छ।

सबैभन्दा ठूलो चुनौती भनेको समन्वय हो। स्थानीय तहले स्थान पहिचान गर्ने, भूगर्भ विभागले अध्ययन गर्ने, प्रशासन र प्राधिकरणले सहजीकरण गर्ने, विभिन्न संस्था परिचालन हुने र पूर्वाधार सम्बन्धित निकायले निर्माण गर्ने भनिएको छ। कागजमा यो संरचना राम्रो देखिन्छ। तर व्यवहारमा जिम्मेवारी धेरै निकायमा बाँडिँदा कामको जिम्मेवार व्यक्ति वा निकाय नै नदेखिने पुरानो रोग दोहोरिनु हुँदैन। बाढीले नागरिकको घर खोस्यो। अब राज्यले उनीहरूको भरोसा खोस्नु हुँदैन। अस्थायी आवास निर्माणलाई राहत वितरणको अर्को कार्यक्रमका रूपमा होइन, 'सुरक्षित पुनस्र्थापनाको पहिलो खुड्किलो'का रूपमा लिनुपर्छ। ३२ हजारभन्दा बढी प्रभावित नागरिकलाई तथ्यांकको अंकमा सीमित गरेर हुँदैन। प्रत्येक परिवारलाई सुरक्षित घर, आधारभूत सेवा, रोजगारी र सम्मानपूर्वक बाँच्ने वातावरण दिनु राज्यको दायित्व हो। प्रकृतिले दिएको विपद् रोक्न नसकिएला। तर विपद्पछि हुने बेवास्ता, ढिलासुस्ती र अव्यवस्था भने राज्यले रोक्न सक्छ। अब बाढीपीडितलाई आश्वासन होइन, 'सुरक्षित छानो र निश्चित भविष्य चाहिएको छ।'

# धनुषाधाममा बढ्दै पर्यटकीय आकर्षण

राजु विश्वकर्मा



जनकपुरधाम।

मिथिलाको धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको परिचायकका रूपमा रहेको धनुषाधाम पछिल्ला वर्षमा धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको छ। भगवान् श्रीरामसँग जोडिएको धार्मिक विश्वास, रामायणकालीन इतिहास, मिथिला संस्कृति तथा प्राकृतिक सौन्दर्यका कारण धनुषाधाममा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढ्दै गएको हो। त्रेतायुगमा भगवान् श्रीरामले शिवधनुष भाँचेपछि त्यसको एक अंश पतन भएको विश्वास गरिएको धनुषाधाम हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण तीर्थस्थल मानिन्छ। यही धार्मिक विश्वासका कारण नेपालका विभिन्न जिल्ला तथा छिमेकी मुलुक भारतबाटसमेत दैनिक ठूलो संख्यामा श्रद्धालु तथा पर्यटक यहाँ आउने गरेका छन्। जनकपुरधामबाट १८ किलोमिटर पूर्वमा अवस्थित धनुषाधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको समेत महत्वपूर्ण गन्तव्य हो। यहाँ रहेको धनुष मन्दिर, पवित्र सरोवर, प्राचीन वृक्ष, वनस्पति उद्यान, हरियाली वन क्षेत्र तथा शान्त वातावरणले धार्मिक यात्रालाई प्राकृतिक अनुभूतिसँग जोडिदिएको छ।

धनुषाधाम नगरपालिका–२ का स्थानीय छेबी दासका अनुसार पछिल्लो समय धनुषाधाममा पूजा–आराधनाका लागि आउने श्रद्धालुसँगै घुमफिर, अध्ययन तथा अनुसन्धानका उद्देश्यले आउनेको संख्या पनि बढेको छ। पहिले स्थानीय तथा आसपासका जिल्लाबाट मात्र बढी श्रद्धालु आउने गरेकोमा अहिले अन्य जिल्लाका साथै भारतबाट समेत पर्यटक तथा धार्मिक यात्रु आउने क्रम बढेको उनी बताउँछन्। धनुषाधामको महत्व रामायणकालीन प्रसङ्गसँग जोडिएको छ। जनकपुरमा आयोजित स्वयंवरमा भगवान् श्रीरामले शिवधनुष उठाएर प्रत्यञ्चा चढाउने क्रममा धनुष भाँचिएको र त्यसको एक अंश धनुषाधाम क्षेत्रमा आएर खसेको धार्मिक विश्वास रहिआएको छ। यही विश्वासले धनुषाधामलाई हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र बनाएको धनुषाधाम मन्दिरका पुजारी भरत दास बताउँछन्। उनी भन्छन्, 'कहिलेकाहीँ मात्र भारतीय पर्यटक आउँथे तर राम जन्मभूमि अयोध्यामा राममन्दिर बनेपछि यहाँ पनि भारतीय पर्यटक आउने क्रम बढेको हो।'

पुजारी दासका अनुसार अहिले दैनिक पाँच सयदेखि आठ सयसम्म भारतीय पर्यटक तथा श्रद्धालु धनुषाधाम आउने गरेका छन्। विशेष पर्व तथा धार्मिक अवसरमा भने यहाँ आउने श्रद्धालुको संख्या अझ बढ्ने गरेको उनले बताए। धनुषाधाम क्षेत्रमा पछिल्लो समय भारतीय पर्यटकको आगमन बढ्नुले स्थानीय व्यवसायमा समेत सकारात्मक प्रभाव पारेको छ। होटल, लज, पसल, फूलमाला, प्रसाद तथा अन्य धार्मिक सामग्रीको बिक्री बढेको स्थानीय व्यवसायी बताउँछन्। स्थानीय व्यवसायी लोचन साहका अनुसार विशेष पर्वका समयमा धनुषाधाममा उल्लेख्य चहलपहल हुने गरेको छ। 'पर्यटक तथा श्रद्धालु बढेपछि होटल, लज, पसल र साना व्यवसायमा कारोबार बढेको छ। स्थानीय उत्पादन, फूलमाला, प्रसाद तथा हस्तकलाका सामग्रीको बिक्रीमा पनि वृद्धि भएको छ', उनी भन्छन्। धार्मिक पर्यटकको आगमनले स्थानीय युवालाई स्वरोजगारका अवसरसमेत सिर्जना गर्न थालेको उनको भनाइ छ। पर्यटकका लागि आवश्यक सेवा तथा सामग्री उपलब्ध गराउने व्यवसाय विस्तार हुँदा स्थानीयस्तरमा आम्दानीको स्रोत बढ्दै गएको छ।

धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य रहेको पुजारी दास बताउँछन्। उनका अनुसार धनुषाधामको धार्मिक महत्वलाई अन्तर्राष्ट्रियस्तरसम्म पुर्‍याउन सङ्घीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारबीच समन्वय आवश्यक छ। 'धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने सपना हो', पुजारी दास भन्छन्, 'त्यही सपनालाई मूर्त रूप दिन सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आग्रह गर्दै आएका छौँ।' उनका अनुसार सङ्घीय सरकारको सहयोगमा मन्दिर परिसरमा ढलानलगायत केही पूर्वाधार निर्माणका काम भएका छन्। प्रदेश सरकारबाट समेत थप सहयोगको आश्वासन प्राप्त भएको उनले बताए। धनुषाधाममा वर्षभरि नै धार्मिक गतिविधि हुने गरे पनि माघे औँसी, रामनवमी, विवाहपञ्चमी, एकादशी तथा अन्य महत्वपूर्ण पर्वका अवसरमा विशेष भीड लाग्ने गरेको छ। यस्ता अवसरमा नेपालका विभिन्न स्थानका साथै भारतबाट समेत ठूलो संख्यामा श्रद्धालु आउने गरेका छन्। स्थानीय सरकारले योजनाबद्ध ढङ्गले पूर्वाधार विकास गर्न सके धनुषाधाम मिथिलाञ्चलकै ठूलो धार्मिक तथा पर्यटकीय केन्द्र बन्न सक्ने स्थानीयवासीको विश्वास छ।

धनुषाधामको विशेषता धार्मिक महत्वमा मात्र सीमित छैन। यहाँको प्राकृतिक सौन्दर्य पनि पर्यटकका लागि आकर्षणको विषय बनेको छ। मन्दिर परिसरको शान्त वातावरण, हरियाली वन क्षेत्र, खुला आकाशमुनिको प्राकृतिक दृश्य तथा जैविक विविधताले पर्यटकलाई फरक अनुभूति दिने गरेको छ। पछिल्ला वर्षमा विकसित वनस्पति उद्यानले धनुषाधामलाई धार्मिक पर्यटनसँगै पर्यावरणीय पर्यटनको सम्भावना बोकेको गन्तव्यका रूपमा समेत चिनाउन थालेको धनुषाधाम वनस्पति उद्यानका प्रमुख मो. ताहिर हुसेन बताउँछन्। धार्मिकस्थलको भ्रमणसँगै प्रकृति अवलोकन, वनस्पति अध्ययन तथा जैविक विविधताको अनुभव लिन चाहनेका लागि धनुषाधाम उपयुक्त गन्तव्य बन्न सक्ने उनी बताउँछन्। ३६० हेक्टर क्षेत्रफलमा फैलिएको धनुषाधाम वनक्षेत्रभित्र चिडियाखाना निर्माण गर्ने योजना अघि सारिएको छ। धनुषाधाम वनक्षेत्रभित्र रहेको पानी कहिल्यै नसुक्ने बान गङ्गा तथा वनक्षेत्रमा रहेका दक्षिण एसियामै लोपोन्मुख अवस्थामा रहेको 'ग्रे हर्नबिल' लगायतका चराचुरुङ्गीको संरक्षणसँगै चिडियाखाना निर्माण भएपछि पर्यटकको आकर्षण थप बढ्ने र धनुषाधाममा पर्यटकको बसाइ अवधिसमेत लम्ब्याउन सकिने वनस्पति उद्यानका प्रमुख हुसेनको विश्वास छ।

धनुषाधामलाई जनकपुरधामसँग जोडेर 'रामायण सर्किट'का रूपमा विकास गर्न सके धार्मिक पर्यटनमा ठूलो सम्भावना रहेको स्थानीय व्यवसायीको भनाइ छ। स्थानीय व्यवसायी लोचन साहका अनुसार भारतको अयोध्या, सीतामढी, जनकपुरधाम हुँदै धनुषाधामसम्म जोडिने धार्मिक मार्ग निर्माण तथा प्रवद्र्धन गर्न सके अन्तरदेशीय धार्मिक पर्यटन विस्तारमा महत्वपूर्ण योगदान पुग्न सक्छ। अयोध्यामा राममन्दिर निर्माणपछि भगवान् श्रीरामसँग सम्बन्धित धार्मिकस्थलप्रति भारतीय श्रद्धालुको चासो बढिरहेको अवस्थामा धनुषाधामले पनि त्यसबाट लाभ लिन सक्ने उनको विश्वास छ। नेपाल र भारतबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध पुरानो रहेकाले जनकपुरधाम र अयोध्याबीचको धार्मिक सम्बन्धलाई धनुषाधामसम्म विस्तार गर्न सके यस क्षेत्रको पर्यटन विकासमा नयाँ सम्भावना खुल्ने स्थानीयवासी बताउँछन्। धनुषाधाममा पर्यटकको आगमन बढेसँगै स्थानीय सरकारले भौतिक पूर्वाधारको विकासमा जोड दिएको छ।

धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिन भट्टराईका अनुसार धार्मिक पर्यटनलाई व्यवस्थित र आकर्षक बनाउन मन्दिर क्षेत्रको सौन्दर्यीकरण, सडक सुधार, सरसफाइ, विश्रामस्थल निर्माण, खानेपानी तथा शौचालय व्यवस्थापनलगायतका पूर्वाधार विकासका कामलाई प्राथमिकता दिइएको छ। 'धार्मिक सम्पदाको संरक्षणसँगै पर्यटकमैत्री वातावरण निर्माण गर्न विभिन्न योजना कार्यान्वयन भइरहेका छन्', उनी भन्छन्, 'धनुषाधामलाई व्यवस्थित धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण र संरक्षणका कामलाई प्राथमिकता दिएका छौँ।' धनुषाधाममा पर्यटकको संख्या बढ्दै गए पनि फोहोर व्यवस्थापन, पर्याप्त पार्किङ, सूचना केन्द्र, दक्ष पर्यटक पथप्रदर्शक, डिजिटल सूचना प्रणाली तथा पर्याप्त आवास सुविधाको आवश्यकता अझै रहेको स्थानीय सरोकारवालाको भनाइ छ। पर्यटकको बढ्दो चापलाई व्यवस्थित गर्न तत्कालीन र दीर्घकालीन योजना आवश्यक रहेको स्थानीयको कथन छ।

धार्मिकस्थलको मौलिकता जोगाउँदै आधुनिक पर्यटकीय सुविधा विस्तार गर्न सके धनुषाधामको आकर्षण अझ बढ्ने अपेक्षा गरिएको छ। पछिल्लो समय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गएको धनुषाधामलाई संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोड्नुपर्ने बुद्धिजीवीको सुझाव छ। संस्कृतिविद् तथा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव धार्मिक पर्यटनलाई केवल मन्दिर दर्शनमा सीमित नगरी स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसङ्गीत तथा प्राकृतिक सम्पदासँग जोड्नुपर्ने बताउँछन्। उनका अनुसार धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै सांस्कृतिक सम्पदाको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ। 'धार्मिक पर्यटनलाई मन्दिर दर्शनमा मात्र सीमित गर्नु हुँदैन', उनी भन्छन्, 'यसलाई स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसङ्गीत र प्राकृतिक सम्पदासँग जोड्न सक्नुपर्छ।' धनुषाधामलाई जैविक उद्यानका रूपमा विकास गर्न सकिए यसबाट पर्यटकको बसाइ अवधि बढ्नुका साथै स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना र सांस्कृतिक सम्पदाको संरक्षणमा समेत सहयोग पुग्ने उनको भनाइ छ।

धनुषाधाममा आउने धेरै श्रद्धालुले धार्मिक आस्थासँगै शान्त वातावरण, प्राकृतिक हरियाली र आध्यात्मिक अनुभूतिको खोजी गर्ने गरेका छन्। यसले धनुषाधामलाई केवल पूजा गर्ने स्थल नभई मानसिक शान्ति, पारिवारिक भ्रमण तथा धार्मिक अध्ययनका लागि समेत उपयुक्त गन्तव्यका रूपमा स्थापित गर्दै गएको छ। धनुषाधामको धार्मिक तथा प्राकृतिक सम्पदा संरक्षण गर्दै पर्यटन प्रवद्र्धन गर्नु अहिलेको प्रमुख आवश्यकता देखिएको छ। पर्यटकको संख्या बढ्दै जाँदा सम्पदामा पर्ने सम्भावित दबाबलाई ध्यानमा राखेर फोहोर व्यवस्थापन, वातावरण संरक्षण, व्यवस्थित पार्किङ तथा पर्यटकको आवागमन व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने स्थानीय सरोकारवालाको भनाइ छ। धार्मिक सम्पदाको संरक्षण, प्राकृतिक वातावरणको जगेर्ना तथा आधुनिक पर्यटकीय पूर्वाधार निर्माणबीच सन्तुलन कायम गर्न सके धनुषाधाम दीर्घकालीन रूपमा आकर्षक गन्तव्य बन्न सक्नेछ। धनुषाधामको विकास केवल एउटा धार्मिकस्थलको विकास नभई मिथिलाको इतिहास, संस्कृति र प्राकृतिक सम्पदाको संरक्षणसँग समेत जोडिएको विषय हो। त्यसैले यसको विकासमा सङ्घीय, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र तथा स्थानीय समुदायबीच सहकार्य आवश्यक रहेको सभामुख यादवको बुझाइ छ।

धार्मिक आस्था, रामायणकालीन इतिहास, प्राकृतिक सम्पदा र स्थानीय आतिथ्य संस्कृतिको अनुपम सङ्गम बनेको धनुषाधाम आज श्रद्धालु तथा पर्यटकको रोजाइमा पर्दै गएको छ। आवश्यक पूर्वाधार निर्माण, प्रभावकारी प्रचारप्रसार, स्थानीय संस्कृति र उत्पादनको प्रवद्र्धन तथा सम्पदाको दिगो संरक्षणमा जोड दिन सके धनुषाधामले मधेश प्रदेशको धार्मिक पर्यटन विकासमा मात्र नभई नेपालको समग्र पर्यटन प्रवद्र्धनमा समेत महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने देखिन्छ। धनुषाधामलाई अयोध्या–सीतामढी–जनकपुरधामसँग जोड्दै अन्तरदेशीय धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सके यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिमा समेत उल्लेख्य परिवर्तन ल्याउन सक्ने सम्भावना छ। रासस

# जीप सफारीमार्फत पर्यटकीय गन्तव्य जोड्ने तयारी




तनहुँ।

तनहुँका प्रमुख पर्यटकीय तथा धार्मिक गन्तव्यलाई एउटै पर्यटन सर्किटमा जोड्ने तयारी गरिएको छ। जिल्लामा पछिल्लो समय बढ्दै गएको आन्तरिक पर्यटनलाई लक्षित गर्दै बन्दीपुर र आँबुखैरेनीमा सञ्चालन हुँदै आएको जीप सफारीलाई अन्य पर्यटकीय गन्तव्यसँग जोड्ने योजना अघि सारिएको हो। बन्दीपुर भिलेज सफारीका सञ्चालक वसन्त पौडेलका अनुसार बन्दीपुर र आँबुखैरेनी क्षेत्रमा जीप सफारी सञ्चालन भइरहेको छ। पर्यटकलाई सडकमार्ग हुँदै गाउँ, पहाड, धार्मिकस्थल तथा प्राकृतिक गन्तव्यको अवलोकन गराउने उद्देश्यले जीप सफारी सञ्चालन गरिएको उनले बताए। जीप सफारीलाई थप विस्तार गर्दै दमौली–मानुङकोट, छाब्दी, छिम्केश्वरी र आँधीमूललाई समेटेर धार्मिक तथा पर्यटकीय सर्किट विकास गर्ने तयारी गरिएको पौडेलले जानकारी दिए। 'बन्दीपुर र आँबुखैरेनीमा जीप सफारी भइरहेको छ। अब यसलाई अन्य पर्यटकीय गन्तव्यसँग जोडेर पर्यटन सर्किटका रूपमा विकास गर्ने तयारी गरेका छौँ,' पौडेलले भने।

उनका अनुसार तनहुँमा धार्मिक, प्राकृतिक र ग्रामीण पर्यटनका लागि पर्याप्त सम्भावना भए पनि गन्तव्यबीचको सम्बन्ध र पर्यटकीय प्याकेजको विकासमा अझै ध्यान पुग्न सकेको छैन। एउटै यात्रामा विभिन्न गन्तव्यको भ्रमण गर्न सकिने गरी सफारी सञ्चालन गर्न सके पर्यटकको बसाइ अवधि बढाउन पनि सहयोग पुग्ने उनको भनाइ छ। मानुङकोट सूर्योदय तथा हिमश्रृङ्खला अवलोकनका लागि चर्चित गन्तव्यका रूपमा विकास भएको छ। त्यससँगै छाब्दी धार्मिक तथा प्राकृतिक आकर्षण बोकेको स्थल हो। छिम्केश्वरी तनहुँको उच्च पहाडी क्षेत्रको महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य हो भने आँधीमूल पनि धार्मिक पर्यटनका दृष्टिले महत्वपूर्ण स्थलका रूपमा परिचित छ। यी गन्तव्यलाई सडकमार्गमार्फत जोडेर जीप सफारी सञ्चालन गर्न सके पर्यटकलाई एउटै प्याकेजमा फरक–फरक प्रकृतिका गन्तव्यको अनुभव गराउन सकिने पौडेल बताउँछन्।

जीप सफारीले पर्यटकलाई मुख्य बजार क्षेत्रबाट गाउँ तथा पहाडी बस्ती हुँदै गन्तव्यसम्म पुर्‍याउने भएकाले यसबाट ग्रामीण क्षेत्रमा समेत पर्यटनको लाभ पुग्ने अपेक्षा गरिएको छ। पर्यटकको आवागमन बढेमा स्थानीय होटल, होमस्टे, रेस्टुरेन्ट, कृषि उपज तथा स्थानीय उत्पादनको बजार विस्तारमा पनि सहयोग पुग्ने व्यवसायीको विश्वास छ। बन्दीपुर यसअघि नै नेपालको प्रमुख पहाडी पर्यटकीय गन्तव्यका रूपमा स्थापित छ। यहाँ आउने पर्यटकलाई आसपासका ग्रामीण तथा धार्मिक क्षेत्रसम्म पुर्‍याउन सके बन्दीपुरमा केन्द्रित पर्यटनलाई जिल्लाका अन्य क्षेत्रमा विस्तार गर्न सकिने देखिन्छ। आँबुखैरेनी पनि प्राकृतिक सौन्दर्य, धार्मिकस्थल तथा ग्रामीण परिवेशका कारण पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो। जीप सफारीमार्फत यी क्षेत्रलाई जोड्दा सडकमार्गबाट सहजै घुम्न चाहने पर्यटकका लागि नयाँ विकल्प थपिने उनले बताए।

पर्यटन व्यवसायी पौडेलले पर्यटकलाई केवल एउटा गन्तव्य देखाएर फर्काउनेभन्दा गन्तव्यको समूह बनाएर प्याकेज तयार गर्नु अहिलेको आवश्यकता भएको बताए। त्यसका लागि स्थानीय तह, पर्यटन व्यवसायी र स्थानीय समुदायबीच सहकार्य आवश्यक रहेको उनी बताउँछन्। 'एउटा गन्तव्यमा पुगेपछि अर्को गन्तव्यसम्म जाने वातावरण बनाउन सकियो भने पर्यटकको बसाइ र खर्च दुवै बढाउन सकिन्छ,' पौडेलले भने। धार्मिक तथा पर्यटकीय सर्किट निर्माणसँगै स्थानीय समुदायलाई पर्यटनसँग जोड्ने योजना पनि महत्वपूर्ण हुने उनको भनाइ छ। पर्यटक आउने क्षेत्रका स्थानीयले घरबास (होमस्टे) सञ्चालन, स्थानीय खाना, हस्तकला, कृषि उपज तथा सांस्कृतिक गतिविधिमार्फत आम्दानी गर्न सक्ने भएकाले पर्यटनबाट प्रत्यक्ष लाभ लिन सक्ने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए। तनहुँका विभिन्न क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यबीच यातायातको सहज पहुँच, पूर्वाधार विकास र प्रचारप्रसारलाई एकीकृत गर्न सके जिल्लालाई लामो दूरीको पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने व्यवसायीको विश्वास छ। रासस

# पीएचडी हासिल गरेका बैठालाई वीरगंज महानगरको विशेष सम्मान

**मधेशदृष्टि**
**वीरगंज।**
राजनीति शास्त्रमा विद्यावारिधि (पीएचडी) उपाधि हासिल गरेका वीरगंज–२३ निवासी डा. राजु बैठालाई वीरगंज महानगरपालिकाले विशेष सम्मान गरेको छ । भारतको पञ्जाबस्थित आरआईएमटी विश्वविद्यालयबाट पीएचडी पूरा गरेका बैठालाई महानगर प्रमुख राजेशमान सिंहले खादा लगाएर सम्मान गरेका हुन् । बैठाले 'वीरगंज महानगरपालिकाको कार्यसम्पादन मूल्याङ्कनः छानिएका सेवाहरूको अध्ययन' शीर्षकमा अनुसन्धान गर्दै 'डक्टर'को उपाधि हासिल गरेका हुन् । उनको अनुसन्धान वीरगंज महानगरपालिकाले नागरिकलाई उपलब्ध गराउँदै आएका सार्वजनिक सेवाको कार्यक्षमता, प्रभावकारिता तथा त्यसबाट प्राप्त परिणामको अध्ययनमा केन्द्रित छ । आफ्नो समुदायबाट पीएचडी उपाधि हासिल गर्ने आफू पहिलो व्यक्ति भएको डा. बैठाले बताएका छन् । शैक्षिक क्षेत्रमा हासिल गरेको उपलब्धिको सम्मानस्वरूप



महानगरपालिकाले उनलाई सम्मान गरेको हो । सम्मान कार्यक्रममा महानगर प्रमुख सिंहले डा. बैठाको शैक्षिक उपलब्धिले वीरगंजको पहिचानलाई देशदेखि विदेशसम्म पु¥याउन योगदान गरेको बताए । महानगरको सेवा प्रवाहलाई नै विषय बनाएर अनुसन्धान गरी विद्यावारिधि हासिल गर्नु अझ महत्वपूर्ण उपलब्धि भएको उनको भनाइ थियो।

'डा. बैठाले आफ्नो शैक्षिक उपलब्धिबाट महानगरको नाम देश–विदेशमा उज्ज्वल बनाएका छन् । उनलाई महानगरको तर्फबाट सम्मान गर्न पाउँदा हामी सबै गर्वान्वित छौँ,'८८ प्रमुख सिंहले भने । सम्मान कार्यक्रममा डा. बैठाले आफ्नो अनुसन्धानका निष्कर्ष समेटिएको पुस्तकसमेत महानगर प्रमुख सिंहलाई हस्तान्तरण गरेका थिए।

बैठाको अनुसन्धानले स्थानीय तहबाट नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवाको अवस्था, कार्यक्षमता र प्रभावकारितासँगै सेवा प्रवाहमा देखिएका चुनौतीलाई समेत समेटेको छ । अध्ययनले स्थानीय सरकारको सेवा प्रणालीमा सुधार गर्न सकिने सम्भावित क्षेत्र पहिचान गर्दै त्यसका लागि तथ्यमा आधारित आधार प्रस्तुत गरेको छ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्तबहादुर बोहराले अनुसन्धानबाट प्राप्त निष्कर्ष महानगरपालिकाका लागि उपयोगी हुनसक्ने बताए । अनुसन्धानले औँल्याएका विषयलाई आधार बनाएर महानगरको सेवा प्रवाहमा आवश्यक सुधार र कार्यान्वयन अघि बढाउन सहयोग पुग्ने उनको भनाइ छ । सम्मान ग्रहण गर्दै डा. बैठाले आफूले प्राप्त गरेको उपलब्धिमा परिवार, समुदाय तथा शुभेच्छुकबाट पाएको प्रेरणा र सहयोग महत्वपूर्ण रहेको बताए । उनले आगामी दिनमा पनि शिक्षा, अनुसन्धान र सामाजिक योगदानका माध्यमबाट क्षेत्रको विकासमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे।

# दसैँ नजिकिएसँगै जनकपुरधाममा तयारी तीव्र, युवा क्लबहरू पण्डाल सजाउन व्यस्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालीहरूको महान् चाड विजयादशमी नजिकिएसँगै जनकपुरधाममा दसैँको तयारी तीव्र पारिएको छ । दसैँलाई भव्य र व्यवस्थित बनाउन यहाँका स्थानीय युवा क्लब तथा पूजा समितिहरू तयारीमा जुटेका छन्। जनकपुरधामका प्रमुख शक्तिपीठ राजदेवी मन्दिरसहित एक दर्जनभन्दा बढी स्थानमा शक्तिस्वरूपा दुर्गाको मूर्ति स्थापना गरी दसैँमा पूजाअर्चना गर्ने गरिन्छ । मूर्ति स्थापना गरिने स्थानमा अहिले आकर्षक पण्डाल निर्माण, रंगीचंगी बत्ती जडान तथा सजावटको काम भइरहेको छ।

राम मन्दिर परिसरमा रहेको राजदेवी मन्दिरमा पूजाको तयारी महावीर युवा कमिटीले गरिरहेको छ । राजदेवीलाई राजा जनककी कुलदेवीका रूपमा मानिँदै आएको छ । पूजालाई व्यवस्थित बनाउन कमिटीले १६ वटा समिति तथा उपसमिति गठन गरी तयारी अघि बढाएको अध्यक्ष दीपककुमार साहले बताए । उनका अनुसार विगतका वर्षको तुलनामा यस वर्ष दसैँलाई अझ भव्य बनाउने तयारी गरिएको छ।

पूजा व्यवस्थापनसँगै भक्तजनको सुविधालाई ध्यानमा राखेर आवश्यक तयारी अघि बढाइएको उनले बताए।

त्यस्तै राम युवा कमिटीले बौद्धी माता र अमरखाना माइ मन्दिरमा दसैँको पूजा तयारी गरिरहेको छ। कमिटीका अध्यक्ष विजय साहका अनुसार दसैँलाई आकर्षक बनाउन मन्दिर तथा पूजा स्थलको सजावटमा विशेष ध्यान दिइएको छ । पूजा कार्यक्रमलाई व्यवस्थित बनाउने तयारीसमेत भइरहेको उनले बताए।

जनकपुरधामका विद्यापति चोक, भ्रमरपुरा चोक, पिडडीया माइस्थान, रजौललगायतका क्षेत्रमा रहेका युवा क्लब तथा पूजा समितिहरू पनि दसैँको तयारीमा जुटेका छन् । विभिन्न स्थानमा दुर्गाको मूर्ति निर्माण तथा स्थापना, पण्डाल निर्माण र विद्युत् सजावटको काम अघि बढाइएको छ।

दसैँ नजिकिँदै जाँदा जनकपुरधामका विभिन्न पूजा स्थलमा चहलपहलसमेत बढ्दै गएको छ । स्थानीय युवा क्लब तथा पूजा समितिहरूले धार्मिक उत्सवसँगै पूजा स्थलको व्यवस्थापन र सजावटलाई प्राथमिकता दिएका छन्।

# पर्सामा जिल्लास्तरीय बालक्लब सञ्जाल गठन



**मधेशदृष्टि**
**वीरगंज।**
बालअधिकार संरक्षण र बालबालिकाको अर्थपूर्ण सहभागितालाई संस्थागत गर्ने उद्देश्यले पर्सामा पहिलोपटक १५ सदस्यीय जिल्लास्तरीय बालक्लब सञ्जाल गठन गरिएको छ । जिल्लाका विभिन्न स्थानीय तहमा सक्रिय बालक्लब सञ्जाललाई एउटै संरचनामा जोड्दै बालबालिकाका साझा सवाललाई जिल्लास्तरमा उठाउने उद्देश्यले सञ्जाल गठन गरिएको हो।

जिल्ला समन्वय समिति पर्साको सभाहलमा आयोजित भेलाबाट वीरगंज महानगरपालिकाकी करिश्मा गुप्ताको अध्यक्षतामा जिल्ला बालक्लब सञ्जाल गठन गरिएको हो । नवनिर्वाचित समितिको उपाध्यक्षमा धोबिनी गाउँपालिकाकी समसुन खातुन, सचिवमा बहुदरमाई नगरपालिकाका सलमान हवारी तथा सहसचिवमा सखुवा प्रसौनी गाउँपालिकाका सुरज साह चयन भएका छन् । जिल्लाका अन्य स्थानीय तहको समेत प्रतिनिधित्व सुनिश्चित हुने गरी १५ सदस्यीय सञ्जाल बनाइएको जनाइएको छ।

नवनिर्मित सञ्जालले पर्साका बालबालिकासँग सम्बन्धित साझा समस्या, अधिकार र सवाललाई स्थानीय तहबाट जिल्लास्तरसम्म प्रभावकारी रूपमा उठाउने अपेक्षा गरिएको छ । साथै बालअधिकार संरक्षण, बाल सहभागिता अभिवृद्धि, बालमैत्री नीति तथा कार्यक्रम निर्माणमा सहजीकरण र बालबालिकामाथि हुने हिंसा तथा विभेद न्यूनीकरणका लागि सञ्जालले भूमिका खेल्ने जनाइएको छ।

स्थानीय तहमा रहेका बालक्लब सञ्जालबीच समन्वय र सहकार्यलाई संस्थागत गर्दै बालबालिकाको आवाजलाई निर्णय प्रक्रियासम्म पु¥याउनु नवगठित जिल्ला सञ्जालको प्रमुख उद्देश्य रहेको सहभागीहरूले बताएका छन् । बालबालिकालाई केवल कार्यक्रमका सहभागीका रूपमा सीमित नराखी उनीहरूसँग सम्बन्धित नीति र निर्णय निर्माणमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सञ्जालले पहल गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रम जिल्ला समन्वय समिति पर्साका प्रमुख निरञ्जन प्रसाद साह सोनारको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख पुरनप्रसाद कुर्मी तथा जिल्ला समन्वय अधिकारी उमेशराज रिमालको विशिष्ट आतिथ्यता रहेको
थियो । भेलामा दिब्य विकास स्रोत केन्द्र पर्साका कार्यकारी निर्देशक रामाकान्त प्रसाद कुर्मी, वीरगंज महानगरपालिकाकी बालकल्याण अधिकारी सावित्री कुमारी भण्डारी, बाल हेल्पलाइन १०९८ का कृष्णप्रसाद यादव, दिब्य विकास स्रोत केन्द्रकी कार्यक्रम संयोजक रीना चौधरीलगायत विभिन्न स्थानीय तहका प्रतिनिधि तथा बालक्लब सञ्जालका प्रतिनिधिहरू सहभागी थिए।

जिल्लास्तरीय सञ्जाल गठनसँगै पर्साका विभिन्न स्थानीय तहमा रहेका बालक्लबहरूबीच समन्वय बढ्ने र बालबालिकाका सवाललाई साझा एजेन्डाका रूपमा अघि बढाउन सहज हुने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् । कार्यक्रमको सहजीकरण दिब्य विकास स्रोत केन्द्र पर्साका कार्यक्रम अधिकृत संजय चौधरीले गरेका थिए।

# रौतहटमा फैसला कार्यान्वयन अभियानः फरार ३७ प्रतिवादी पक्राउ




**मधेशदृष्टि**
**रौतहट।**
विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भएर लामो समयदेखि फरार रहेका ३७ जना प्रतिवादीलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत रौतहटको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चालन गरिएको विशेष अभियानअन्तर्गत प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी कार्यालयबाट परिचालित टोलीले १० दिनसम्म सञ्चालन गरेको विशेष अभियानका क्रममा अदालतबाट दोषी ठहर भएका फरार प्रतिवादीलाई खोजी गरी पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेका ३७ प्रतिवादीबाट कुल सात वर्ष दुई महिना २७ दिन कैद सजाय तथा दुई लाख ७३ हजार ७७७ रुपैयाँ जरिवाना असुल हुन बाँकी रहेको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार पक्राउ परेकामध्ये विभिन्न प्रकृतिका कसुरमा अदालतबाट दोषी ठहर भएका व्यक्ति छन् । उनीहरूमाथि जालसाजी, कुटपिट तथा अङ्गभङ्ग, विद्युतीय कारोबार ऐन, नागरिकता कीर्ते, ज्यान मार्ने उद्योग र अभद्र व्यवहारलगायतका मुद्दा रहेको प्रहरीले जनाएको छ।

त्यसैगरी पक्राउ परेकामध्ये लेनदेन बिगो, बाल शोषण, जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग र चेक अनादरसहितका मुद्दामा अदालतबाट फैसला भएका प्रतिवादीसमेत रहेको प्रहरीको भनाइ छ । पक्राउ परेका सबै ३७ जनालाई कसुरअनुसार आवश्यक कानुनी प्रक्रिया अघि बढाउन जिल्ला अदालत रौतहट, गौरमा बुझाइएको प्रहरी नायब उपरीक्षक गौतमले जानकारी दिए।

प्रहरीले अदालतबाट भएका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी र पक्राउ अभियानलाई निरन्तरता दिइने जनाएको छ । अदालतको फैसला कार्यान्वयन विशेष अभियानले दोषी ठहर भइसकेपछि पनि फरार रहेका व्यक्तिमाथि निगरानी र कानुनी कारबाहीलाई थप प्रभावकारी बनाउने प्रहरीको भनाइ छ।

# महोत्तरीमा चाडपर्व लक्षित सुरक्षा योजना लागू, १ हजार ३ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीमा दसैँ, तिहार र छठ पर्वलाई लक्षित गर्दै सुरक्षा व्यवस्था कडा पारिएको छ । चाडपर्वका बेला हुने बढ्दो आवतजावत र बजारमा हुने भीडभाडलाई ध्यानमा राख्दै जिल्ला सुरक्षा समितिले 'चाडपर्व लक्षित एकीकृत सुरक्षा योजना–२०८३' कार्यान्वयनमा ल्याएको हो।

योजनाअन्तर्गत नेपाल प्रहरीका ७ सय ४७ र सशस्त्र प्रहरीका ५ सय ८४ गरी १ हजार ३ सय ३१ सुरक्षाकर्मी जिल्लाका संवेदनशील क्षेत्रमा परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । नेपाल–भारत खुला सीमा नाकामा चौबीसै घण्टा पिकेट, चेकपोइन्ट र संयुक्त गस्ती सञ्चालन गरिएको छ । पूर्व–पश्चिम लोकमार्ग तथा भित्री सडकमा आकस्मिक चेकिङ र




मोबाइल गस्ती बढाइएको प्रशासनले जनाएको छ।

चाडपर्वका बेला बजार, बैंक तथा वित्तीय संस्थामा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न पैदल गस्ती र सादा पोशाकका सुरक्षाकर्मीसमेत परिचालन गरिएको छ । मुख्य बसपार्क र सीमा नाकामा यात्रुको सहजताका लागि सहायता कक्ष तथा हेल्थ डेस्क सञ्चालनमा ल्याइएको प्रशासनले जनाएको छ।

दुर्गा पूजा, मेला तथा मूर्ति विसर्जनका कार्यक्रम तोकिएको रुट र समयअनुसार सञ्चालन गर्ने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी यादवले बताए।

प्रशासनले अवैध रूपमा पटाका तथा आतिशबाजीका सामग्री भित्र्याउने र बिक्री–वितरण गर्ने कार्यमा रोक लगाएको छ । सडकमा चन्दा उठाउने तथा जुवातास खेल्न नदिनसमेत निगरानी र सुरक्षा परिचालन बढाइएको प्रशासनले जनाएको छ।

# दसैँ–तिहारमा मधेशमा ७ हजार

नेपाल–भारत सीमा नाकाबाट मानिसको आवतजावत बढ्ने भएकाले तस्करी तथा अवैध सामान ओसारपसारको जोखिमलाई पनि सुरक्षा योजनामा प्राथमिकतामा राखिएको प्रवक्ता ढकालले
बताए।

धार्मिक स्थलमा हुने भीडभाडका क्रममा चोरी, लुटपाट तथा मानिस हराउने घटना रोक्न पनि निगरानी बढाइनेछ । छठ पर्वका बेला घाटमा डुब्ने तथा भीडजन्य दुर्घटना हुन सक्ने, दसैँमा घर फर्किने र तिहारपछि बढ्ने आवतजावतका कारण सडक दुर्घटना तथा ट्राफिक जाम हुन सक्ने जोखिमलाई समेत प्रहरीले सुरक्षा योजनामा समेटेको छ।

पटका तथा आतिशबाजीबाट हुन सक्ने आगलागी, जुवा–तास तथा अवैध सट्टेबाजी, मादक पदार्थ सेवनबाट हुने झैझगडा, घरेलु हिंसा, भीडभाडमा हुने पाकेटमारी, चोरी तथा लुटपाटलाई पनि प्रहरीले सम्भावित सुरक्षा चुनौतीका रूपमा पहिचान गरेको छ । त्यसैगरी सुनचाँदी पसल, बैंक तथा नगद कारोबार हुने स्थानमा चोरी तथा डकैती, देउसी–भैलो, सांस्कृतिक कार्यक्रम र डिजेका कारण रात्रीकालीन शान्ति सुरक्षामा पर्न सक्ने असर तथा धार्मिक कार्यक्रम र जुलुसबाट हुन सक्ने स्थानीय विवादलाई पनि निगरानीमा राखिनेछ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षा, अवैध मदिरा तथा लागुऔषधको ओसारपसार, कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धि तथा सामाजिक सञ्जालमार्फत गलत सूचना फैलाएर तनाव सिर्जना गर्ने गतिविधिमाथि पनि निगरानी बढाइने प्रहरीले जनाएको छ । आगलागी, विद्युत् सर्ट तथा अन्य आकस्मिक विपद्का घटनालाई समेत सुरक्षा योजनामा समेटिएको छ।

प्रवक्ता ढकालका अनुसार परिचालन हुने अन्य जनशक्तिलाई कमान्ड पोस्ट, संयुक्त गस्ती, सादा पोसाकमा सूचना संकलन तथा आकस्मिक ड्युटीमा खटाइनेछ।

# मधेश विश्वविद्यालयमा तीन नयाँ कार्यक्रम...

एमबीबीएसजस्तो संवेदनशील र उच्च लगानी आवश्यक पर्ने कार्यक्रम सञ्चालन गर्ने तयारी आफैंमा महत्वपूर्ण कदम हो । तर त्यसका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, प्रयोगशाला, अस्पतालको क्षमता तथा सम्बन्धित नियामक निकायका मापदण्ड पूरा गर्नुपर्ने चुनौती पनि विश्वविद्यालयसामु रहनेछ।

- **एमफिल–पीएचडीदेखि फार्मेसी र आईटीसम्म योजना**

विश्वविद्यालयले उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउने उद्देश्यसहित भविष्यमा 'एमफिल र पीएचडी' कार्यक्रमसमेत सञ्चालन गर्ने तयारी गरेको छ । त्यसैगरी फार्मेसी, विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य पनि विश्वविद्यालयले अघि सारेको छ।

यसले मधेशका विद्यार्थीलाई प्रदेशमै उच्च तथा प्राविधिक शिक्षा हासिल गर्ने थप अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । विश्वविद्यालयले शिक्षा र रोजगारीबीचको दूरी घटाउने उद्देश्यले सीपमा आधारित कार्यक्रमलाई समेत प्राथमिकता दिने जनाएको छ।

- **'मधेश स्किल स्कुल' स्थापना गर्ने लक्ष्य**

मधेश प्रदेशका ग्रामीण क्षेत्रका नागरिकलाई उच्च शिक्षाको मूलधारमा जोड्ने उद्देश्यले विश्वविद्यालयले 'मधेश स्किल स्कुल' स्थापना गर्ने योजना अघि सारेको छ । शिक्षालाई श्रमसँग, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोडेर दक्ष जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयको लक्ष्य छ । विशेषगरी ग्रामीण तथा अवसरबाट वञ्चित समुदायका युवालाई रोजगारमुखी तथा व्यवहारिक सीप प्रदान गर्ने गरी स्किल स्कुलको अवधारणा अघि सारिएको विश्वविद्यालयले जनाएको छ । मधेश विश्वविद्यालयले छोटो समयमै एमबीए, एलएलबी र बीबीएसहितका नयाँ कार्यक्रम थपेर आफ्नो शैक्षिक दायरा विस्तार गरेको छ।

अब विश्वविद्यालयका लागि चुनौती भनेको कार्यक्रमको संख्या बढाउनु मात्र नभई गुणस्तरीय शिक्षा, दक्ष जनशक्ति, अनुसन्धान र रोजगारीसँग जोडिएको प्रभावकारी शैक्षिक वातावरण निर्माण गर्नु हुनेछ । नयाँ कार्यक्रम विस्तारसँगै स्वास्थ्य, अनुसन्धान, प्रविधि र सीपमूलक शिक्षातर्फ अघि बढ्ने विश्वविद्यालयको योजनाले मधेशमा उच्च शिक्षाको नयाँ सम्भावना सिर्जना गरेको छ।

# सरुवा भएको १४ दिनसम्म पनि पर्सा...

अधिकारी कृष्णा थापाले उनी हाल बिदामा रहेको बताए । उनका अनुसार सरुवा भएको कर्मचारीलाई रवाना हुन २१ दिनसम्मको समय रहने भएकाले उक्त अवधिभित्र गुप्तालाई रवाना दिइनेछ । तर २१ दिनसम्मको समयसीमा छ भन्दैमा सरुवा आदेश कार्यान्वयनमा ढिलाइ गर्नुपर्ने आवश्यकता के हो ? भन्ने प्रश्न भने उठेको छ । मन्त्रालयले सरुवा गरेको कर्मचारीलाई समयमै नयाँ जिम्मेवारीमा पठाउनुको सट्टा पुरानै कार्यालयमा निरन्तर राखिनु प्रशासनिक आवश्यकता हो वा अन्य कुनै कारण, त्यसको स्पष्ट जवाफ आवश्यक देखिन्छ।

गृह मन्त्रालयबाट भएको निर्णयलाई जिल्ला प्रशासन कार्यालयले कार्यान्वयन गर्नुपर्ने अवस्थामा आदेश भएको १४ दिनसम्म पनि गुप्ता पर्सामै रहनुले मन्त्रालयको सरुवा निर्णयको प्रभावकारितामाथि समेत प्रश्न खडा गरेको छ । यससँगै जिल्ला प्रशासन कार्यालयभित्र कर्मचारी व्यवस्थापन, जिम्मेवारी हस्तान्तरण र निर्णय प्रक्रियाको पारदर्शिताबारे पनि बहस सुरु भएको छ । सरुवा आदेशपछि पनि गुप्तालाई पर्सामै रोकिराख्नुको वास्तविक कारण के हो ? कार्यालयको प्रशासनिक आवश्यकता हो, बिदाको अवस्था हो वा अन्य कुनै प्रभाव ? यसको स्पष्टता पर्सा प्रशासनले दिनुपर्ने देखिन्छ । सुशासन र प्रशासनिक सुधारको प्रतिबद्धता दोहो¥याइरहेको राज्य संयन्त्रमा मन्त्रालयकै निर्णय कार्यान्वयन गर्न जिल्ला तहमा देखिएको ढिलाइले भने सरकारी प्रशासनको व्यवहारिक कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ।

# मधेश विश्वविद्यालयमा तीन नयाँ कार्यक्रम थपिए, एमबीएदेखि एलएलबीसम्म पठनपाठन सुरु




**मधेशदृष्टि**
**वीरगंज।**
मधेश विश्वविद्यालयले चालु शैक्षिकसत्र २०८३ देखि थप तीनवटा शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याएको छ । वीरगंजस्थित विश्वविद्यालयले स्नातकोत्तर तहमा 'मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन (एमबीए)' तथा स्नातक तहमा 'एलएलबी र बीबीए' को पठनपाठन सुरु गरेको हो।

यसअघि विश्वविद्यालयमा स्नातकोत्तर तहको 'एमपीए', कानुनतर्फ 'बीए एलएलबी' तथा जनप्रशासनतर्फ 'बीपीएम' कार्यक्रम सञ्चालन हुँदै आएका थिए । नयाँ कार्यक्रम थपिएसँगै विश्वविद्यालयको शैक्षिक दायरा थप फराकिलो भएको छ । विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार नयाँ थपिएका तीनवटै कार्यक्रम सञ्चालनको प्रक्रिया अघि बढिसकेको छ । एलएलबीको कक्षा सञ्चालन भइसकेको छ भने बीबीएको कक्षा सुरु गर्ने तयारी अन्तिम चरणमा पुगेको छ।

यादवका अनुसार एमपीएको दोस्रो ब्याचका लागि समेत भर्ना प्रक्रिया खुला गरिएको छ । भर्ना प्रक्रिया पूरा भएपछि कक्षा सञ्चालन गरिनेछ । विश्वविद्यालयमा सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमप्रति विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप विषय तथा कार्यक्रम विस्तार गर्न प्रोत्साहन मिलेको रजिष्ट्रार यादवले बताए।

**स्थापना भएको चार वर्षमै शैक्षिक दायरा विस्तार**

मधेश प्रदेशसभाले २०७९ वैशाख १४ गते 'मधेश विश्वविद्यालय ऐन, २०७९' जारी गरेपछि सोही वर्ष भदौ २२ गते विश्वविद्यालय स्थापना भएको थियो । स्थापना भएको पहिलो वर्षमै विश्वविद्यालयले दुईवटा संकायअन्तर्गत पठनपाठन सुरु गरेको थियो । हाल विश्वविद्यालयले वीरगंजस्थित नेशनल ट्रेडिङको भवन लिजमा लिएर आफ्नो प्रशासनिक तथा शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको छ।

विश्वविद्यालयले आगामी दिनमा शैक्षिक कार्यक्रमको संख्या मात्र बढाउने नभई अनुसन्धान र प्रशिक्षणलाई समेत शिक्षण प्रणालीको महत्वपूर्ण आधार बनाउने योजना अघि सारेको छ । विश्वविद्यालयका उपकुलपति प्रा. डा. दीपकबहादुर शाक्यले मधेश प्रदेशमै पहिलो अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना गर्ने लक्ष्य रहेको बताए । उनका अनुसार विश्वविद्यालयमा सञ्चालन भइरहेका कक्षामा विद्यार्थीको आकर्षण देखिएपछि थप विषयमा अध्ययन–अध्यापन विस्तार गर्ने योजना बनाइएको हो।

- **स्वास्थ्य शिक्षामा पनि प्रवेश गर्ने तयारी**

मधेश विश्वविद्यालयले आगामी दिनमा चिकित्सा तथा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने महत्वाकांक्षी योजना अघि सारेको छ । ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत स्वास्थ्यसम्बन्धी कार्यक्रमसँगै 'एमबीबीएस' पठनपाठन सञ्चालन गर्ने लक्ष्य विश्वविद्यालयले राखेको छ। तत्कालका लागि वीरगंजस्थित नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पताललाई आधार बनाएर एमबीबीएस कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावनाबारे अध्ययन गर्ने तयारी गरिएको उपकुलपति शाक्यले बताए । यसका लागि प्राविधिक टोलीमार्फत सम्भाव्यता अध्ययन गरिने विश्वविद्यालयको तयारी छ ।

*बाँकी पृष्ठ ३ मा*

# असली कांग्रेसी हामी नै हौँ: विमलेन्द्र निधि




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले विशेष महाधिवेशनमार्फत पार्टीलाई विभाजित गर्ने काम भएको आरोप लगाएका छन् । नेपाली कांग्रेसको इतर पक्षको जनकपुरधाम नगर सभालाई सम्बोधन गर्दै निधिले विशेष महाधिवेशन भएको दिनदेखि नै पार्टी व्यवहारिक रूपमा दुई भागमा विभाजित भएको दाबी गरे। कानुनी प्रक्रिया अझै बाँकी रहे पनि पार्टी विभाजित भइसकेको विषयमा भ्रममा नपर्न उनले नेता–कार्यकर्तालाई आग्रह गरे।

निधिले गगन थापा, विश्वप्रकाश शर्मालगायत नेताहरूले पार्टीको निर्धारित प्रक्रिया पूरा नगरी विशेष महाधिवेशन आयोजना गरेको आरोप लगाए । उनका अनुसार विशेष महाधिवेशन बोलाउने निर्णय केन्द्रीय कार्यसमितिबाट हुनुपर्नेमा केही नेताले आफैं घोषणा गरेर प्रक्रिया मिचेकाले त्यसले वैधानिकता पाउन नसक्ने उनको दाबी छ।

विशेष महाधिवेशन पक्षधरले वडा तहसम्मै कांग्रेसलाई विभाजित गर्ने काम गरेको आरोप लगाउँदै निधिले आफूहरू नै मूल कांग्रेस भएको दाबी गरे । पार्टीभित्र विभाजन देखिए पनि नेता–कार्यकर्तालाई निराश नहुन आग्रह गर्दै उनले पहिलेभन्दा बलियो कांग्रेस निर्माण गर्ने बताए। उनले पार्टीको संगठनलाई वडा तहसम्म सक्रिय बनाउँदै आगामी स्थानीय तहको निर्वाचनको तयारी अहिलेदेखि नै सुरु गर्न पनि नेता–कार्यकर्तालाई आग्रह गरे।

निधिको भनाइ कांग्रेसभित्र विशेष महाधिवेशनको वैधानिकता र त्यसबाट भएको नेतृत्व परिवर्तनलाई लिएर जारी विवादकै सन्दर्भमा आएको हो । कांग्रेसको आधिकारिक वेबसाइटमा भने १५औँ केन्द्रीय महाधिवेशनको प्रक्रिया अघि बढिरहेको र असोज १८–२१ गते काठमाडौंमा महाधिवेशन हुने कार्यतालिका राखिएको छ।

# सामाजिक सुरक्षा भत्ता कार्ड वितरण घरदैलोमै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको पूर्व घोषणा अनुसार सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण कार्य बुधवार देखि घरदैलोमा सुरु भएको छ। सामाजिक सेवालाई सहज, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन वीरगंज महानगरपालिका वडा नं. ५ ले घरदैलोमै पुगेर नवीकरण सेवा प्रदान गर्ने अभियान सञ्चालन गरेको हो।



सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीको नवीकरण बायोमेट्रि भेरिफिकेशन प्रणालीमार्फत अनिवार्य रूपमा गर्नुपर्ने भए पछि वडा कार्यालयसम्म आउन नसक्ने वृद्धवृद्धा, अशक्त, अपाङ्गता भएका तथा अस्वस्थ नागरिकलाई लक्षित गरी घरदैलो सेवा सञ्चालन गरिएको वीरगंज – ५ का वडाअध्यक्ष प्रदीपकुमार चौरसीयाले बताए । घरदैलो अभियानमा वडा जनप्रतिनिधि, वीरगंज महानगरपालिका पञ्जीकरण शाखाका प्रतिनिधि तथा वडा कर्मचारीहरूको संयुक्त टोली परिचालन गरिएको छ।

# दसैँ–तिहारमा मधेशमा ७ हजार २ सयभन्दा बढी प्रहरी परिचालन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
दसैँ, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै मधेश प्रदेश प्रहरीले आठवटै जिल्लामा विशेष सुरक्षा योजना लागू गरेको छ। चाडपर्वका समयमा हुने बढ्दो आवतजावत, भीडभाड, सीमा क्षेत्रमा हुन सक्ने चोरी–तस्करी तथा सम्भावित आपराधिक गतिविधिलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्था कडा पारिएको हो । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता एसपी प्रभुप्रसाद ढकालका अनुसार असोज २९ गतेदेखि कात्तिक ३० गतेसम्म प्रदेशभर ७ हजार २ सय २९ प्रहरी परिचालन गर्ने योजना छ । जिल्लागत रूपमा सबैभन्दा बढी धनुषामा १ हजार ५ सय ९९ प्रहरी परिचालन हुनेछन्। सुरक्षा योजनाअनुसार पर्सामा ६ सय ६१, बारामा ८ सय ७०, रौतहटमा ८ सय ६३, सर्लाहीमा ७ सय ९२, महोत्तरीमा ७ सय ४७, सिरहामा ६ सय ५१ र सप्तरीमा ८ सय ५७ प्रहरी परिचालन गरिनेछ। चाडपर्वको सुरक्षा व्यवस्थापनका लागि १ हजार १ सय २४ वटा ड्युटीअन्तर्गत ५ हजार ४ सय ८१ प्रहरी परिचालन हुनेछन् । यसअन्तर्गत १४ जिल्ला रिजर्भ, ९२ क्विक रेस्पोन्स टिम (क्यूआरटी), १८ स्ट्राइकिङ टोली, ८७ ट्राफिकसहितको चेकिङ, ८६ मोबाइल गस्ती र १ सय ८० पैदल गस्ती परिचालन गरिने प्रहरीले जनाएको छ।

यस्तै, शंकास्पद स्थानमा निगरानीका लागि ३ सय ३९ पिकेट, राजमार्गमा २९ स्कर्टिङ, यात्रु सहायता कक्षका लागि ६४ ड्युटी तोकिएको छ । सीमा नाकामा चोरी–तस्करी नियन्त्रणका लागि ७३, धार्मिक तथा पर्यटकीय स्थलको सुरक्षाका लागि ३७, बजार अनुगमनका लागि २१ र कर्डन तथा सर्चका लागि १८ ड्युटी परिचालन गरिनेछ । सभा, जुलुस तथा धर्नाको आकस्मिक सुरक्षाका लागि १६ र विपद् प्रतिकार्यका लागि २२ टोली परिचालन हुनेछन् । सीमा नाकामा यात्रुको सहजीकरण तथा आवश्यक सूचना प्रवाहका लागि २८ वटा हेल्प डेस्कसमेत सञ्चालन गरिने प्रदेश प्रहरीले जनाएको छ । चाडपर्वमा

*बाँकी पृष्ठ ३ मा*

# मधेशको शिक्षा सुधारका लागि नीति र कानुनी तहबाट दीर्घकालीन समाधान खोज्नुपर्छः शिक्षामन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम।**
शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेश प्रदेशको शिक्षा क्षेत्रमा देखिएका समस्या तत्कालीन सुधारसँगै नीति, कानुन र संरचनागत सुधारमार्फत दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने बताएका छन्।

राजर्षि जनक विश्वविद्यालयको सभामा सहभागी हुन बुधबार जनकपुरधाम आएका मन्त्री पोखरेलले मधेशको शिक्षा क्षेत्र पछाडि परेको विषयमा पटक–पटक आवाज उठ्दै आए पनि समस्या समाधानका लागि अपेक्षित रूपमा काम हुन नसकेको बताए। शिक्षा क्षेत्रको सुधारका लागि सरकार गम्भीर रूपमा अघि बढिरहेको उनको भनाइ छ।

विद्यालय शिक्षाका समस्या तत्कालीन रूपमा समाधान गरेर मात्र नपुग्ने भन्दै उनले आवश्यक नीति, कानुन र संरचनागत सुधारमा जोड दिए। विद्यालय शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको उल्लेख गर्दै उनले यसले शिक्षा क्षेत्रमा देखिएका कतिपय समस्याको दीर्घकालीन समाधानको आधार तयार गर्ने बताए। मन्त्री पोखरेलले मधेश प्रदेशको शिक्षा क्षेत्रमा रहेका समस्या पहिचान गरी समाधानका उपायसहित मन्त्रालयमा पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई निर्देशनसमेत दिए । विश्वविद्यालय पढ्ने र पढाउने काममा मात्र सीमित नभई सम्बन्धित क्षेत्रका समस्या पहिचान गर्न अध्ययन र अनुसन्धानमा केन्द्रित हुनुपर्ने उनले बताए।

'अहिले शिक्षा ऐन निर्माणको क्रममा छ । मधेश प्रदेशको शिक्षा क्षेत्रमा रहेका समस्या खोज र अध्ययनमार्फत पहिचान गरी मन्त्रालयमा पेस गर्न म राजर्षि जनक विश्वविद्यालयलाई अनुरोध गर्छु,' उनले भने, 'मधेशमा पढाइ राम्रो हुन नसक्नुको कारण र सम्भावनामा पनि काम गर्नुपर्ने अवस्था छ ।' मधेशका विद्यार्थी उच्च शिक्षाका लागि काठमाडौँ जानुपर्ने बाध्यता अन्त्य गर्न प्रदेशमै गुणस्तरीय उच्च शिक्षाको वातावरण निर्माण गर्नुपर्नेमा पनि मन्त्री पोखरेलले जोड दिए। त्यसका लागि विद्यालयदेखि विश्वविद्यालय तहसम्म आवश्यक संरचना, लगानी र शैक्षिक सुधारलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने उनको भनाइ छ । राजर्षि जनक विश्वविद्यालयले शिक्षणसँगै अनुसन्धान, नीतिगत अध्ययन र शिक्षा क्षेत्रका समस्याको समाधान खोज्ने काममा योगदान गर्नुपर्ने उनले बताए । विश्वविद्यालयले अन्य विश्वविद्यालयको स्तरमा पुग्न अझै धेरै मेहनत गर्नुपर्ने आवश्यकता रहेको पनि मन्त्री पोखरेलले उल्लेख गरे। नयाँ विश्वविद्यालयका लागि भवन तथा भौतिक संरचना निर्माणको प्रक्रिया अघि बढिसकेको जानकारी दिँदै उनले उपलब्ध स्रोत र क्षमताअनुसार पूर्वाधार निर्माण, प्रशासनिक व्यवस्थापनलगायतका काम अघि बढाइने बताए।

मधेशको शिक्षा क्षेत्रको समग्र सुधारका लागि विद्यालयदेखि विश्वविद्यालयसम्मका समस्या पहिचान गरी आवश्यक कानुनी, नीतिगत र संरचनागत सुधारमा सरकारले प्राथमिकता दिने मन्त्री पोखरेलले बताए।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-